# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, पौष १ गते, २०८० साल (अतिरिक्ताङ्क २३

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

## प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८०

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "**प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८०**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "**ऐन**" भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ सम्झनुपर्छ।

(ख) "**उद्योग दर्ता गर्ने निकाय**" भन्नाले नियम ३ बमोजिको निकायलाई सम्झनुपर्छ ।

(ग) "**मन्त्रालय**" भन्नाले प्रदेश सरकार अन्तर्गतको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(घ) "**समिति**" भन्नाले नियम ३२ बमोजिमको रुग्ण उद्योग सुझाव समिति सम्झनुपर्छ।

## परिच्छेद-२

## उद्योग दर्ता सम्वन्धी व्यवस्था

३. **उद्योग दर्ता सम्वन्धी कार्य गर्ने निकायः** (१) ऐन बमोजिम पन्ध्र करोड रुपैयाँसम्म कूल पूँजी भएको उद्योगको दर्ता सम्वन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयले गर्नेछ ।

(२) पन्ध्र करोड रुपैंया भन्दा बढी कूल पूँजी भएको उद्योगको दर्ता मन्त्रालयले गर्नेछ।

४. **निवेदन दिनुपर्नेः** (१) उद्योग स्थापना गर्न चाहने व्यक्ति, फर्म वा

कम्पनीले देहायका विवरण र कागजात सहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष एक सय रुपैयाँ दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः

(क) नेपाली नागरिकताको प्रमाण-पत्र को प्रतिलिपि,

(ख) निवेदक फर्म भएमा फर्म दर्ता प्रमाण-पत्र को प्रतिलिपि वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाण-पत्र , प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भएमा सोको अख्तियारी पत्र,

(घ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भएमा साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,

(ङ) उद्योग स्थापना हुने क्षेत्रको सम्बन्धित स्थानीय तहको सर्जमिन मुचुल्का सहितको सिफारिस,

(च) उद्योग सञ्चालनको लागि जग्गा वा घर भाडामा लिएको भए जग्गाधनीसँग उद्योग/ उद्योगीले गरेको जग्गा वा घरभाडाको सम्झौताको प्रतिलिपी वा उद्योगीको एकासगोलको स्वामित्वमा घर जग्गा रहेको भए मन्जुरीनामा वा उद्योग/उद्योगीको आफ्नै स्वामित्वमा घर जग्गा रहेको भए घर जग्गा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रमाण पुर्जाको प्रतिलिपि,

(छ) प्रचलित वातावरण सम्बन्धी कानून बमोजिम वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योगको हकमा वातावारणमा पर्न सक्ने प्रतिकुल प्रभाव न्युनीकरण गर्न अबलम्बन गर्ने उपायहरु सहितको स्व-घोषणा पत्र,

(ज) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,

(झ) लघु र घरेलु उद्योगको हकमा उद्योग सञ्चालनमा आएको मिति खुल्ने कागजातको प्रतिलिपि,

(२) उपनियम (१) बमोजिम उद्योग दर्ताको लागि निवेदन दिँदा निवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा परियोजना विवरण तयार गरी निवेदन साथ पेश गर्नु पर्नेछ।

(३) संघीय कानून बमोजिम प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने उद्योग संघीय निकायमा दर्ता भएकोमा सम्बन्धित उद्योगी वा फर्म वा कम्पनीले प्रदेशबाटै उद्योग सम्बन्धी कुनै कार्य गर्नुपरेमा वा प्रदेशमा हस्तान्तरण भएका उद्योगले उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची -३ बमोजिमको ढाँचामा अभिलेखीकरणका लागि निवेदन दिनु पर्नेछ।

५. **प्रमाण-पत्र दिनुपर्नेः** (१) नियम ४ र १५ बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा उद्योग दर्ताका लागि आवश्यक पर्ने विवरण वा कागजात प्राप्त भई उद्योग दर्ता गर्न मनासिब देखिएमा सात दिनभित्र उद्योग दर्ता गर्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

निकायले त्यस्तो उद्योग दर्ता गरी अनुसूची-४ बमोजिमको दर्ता कितावमा अभिलेख राखी सम्बन्धित निवेदकलाई अनुसूची-५ बमोजिमको ढाँचामा उद्योग दर्ता प्रमाण-पत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दिइने उद्योग दर्ताको प्रमाण-पत्रमा ऐनको दफा ६ को उपदफा (३) मा उल्लेखित विवरणका अतिरिक्त अनुसूची-६ बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन गर्नुपर्ने अवधि समेत उल्लेख गर्नु पर्नेछ।

६. <u>पुनरावेदन गर्न सक्नेः</u> (१) मन्त्रालय बाहेकका उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गर्न अस्वीकार गरेको निर्णय उपर चित्त नवुझ्ने पक्षले पुनरावेदन गर्न चाहेमा निर्णयको जानकारी पाएको मितिले तीस दिन भित्र ऐनको दफा ५ को उपदफा (३) बमोजिम मन्त्रालयमा अनुसूची- ७ बमोजिमको ढाँचामा पुनरावेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्दा देहायका कागजातहरु समावेश गर्नु पर्नेछः-

(क) उद्योग दर्ता गर्ने निकायले गरेको निर्णयको प्रतिलिपि,

(ख) उद्योग दर्ताका लागि पेश गरेको कागजातको प्रति,

(ग) आफ्नो उजुरीको व्यहोरा पुष्टि हुने अन्य कागजात।

(३) उपनियम (१) बमोजिम परेको पुनरावेदनका सम्बन्धमा मन्त्रालयले आवश्यक छानविन गरी तीस दिन भित्र आवश्यक निर्णय गरी सम्बन्धित निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) मन्त्रालयले गरेको निर्णय उपर चित्त नवुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले तीस दिन भित्र मुख्यमन्त्री



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकार समक्ष पुनरावेदन गर्न सक्नेछ।

७. <u>वातावरणीय अध्ययन गर्नुपर्ने:</u> (१) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने प्रकृतिको उद्योगको हकमा अनुसूची-६बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन गर्नु भन्दा अघि नै वातावरणीय अध्ययन प्रतिवेदन वुझाउन उद्योग दर्ता गर्ने निकायले आदेश दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन नवुझाएमा त्यस्तो उद्योगको उत्पादन रोक्का गर्न उद्योग दर्ता गर्ने निकायले आदेश दिनु पर्नेछ।

(३) ऐनको दफा ७ बमोजिम वातावरणीय प्रभावको न्युनीकरण गरे वा नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार अनुगमन गरी निर्देशन दिन, कारवाही गर्न वा कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम कारवाहीका लागि सिफारिस भई आएमा सम्बन्धित निकायले जाँचवुझ गरी प्रचलित कानून बमोजिम आवश्यक निर्णय गर्नु पर्नेछ।

(५) उपनियम (२), (३) र (४) बमोजिमको निर्णय कार्यान्वयन गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

८. <u>अवधि थपको लागि निवेदन दिन सक्ने:</u> (१) ऐनको दफा ८ को उपदफा (२) बमोजिम अवधि थपको लागि उद्योग दर्ता गर्ने निकायमा अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) ऐनको दफा ८ को उपदफा (३) बमोजिम



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अवधि वढाउनका लागि दिईने निवेदन साथ देहाय बमोजिमको विलम्ब शुल्क वुझाएको निस्सा सहित अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) घरेलु तथा साना उद्योगको हकमा पाँच हजार रुपैंया,

(ख) मझौला उद्योगको हकमा दश हजार रुपैंया,

(ग) ठुला उद्योगको हकमा पचास हजार रुपैंया।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा थप विवरण, कागजात वा जानकारी आवश्यक पर्ने भएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी पेश गर्न लगाउन सक्नेछ।

(४) ऐनको दफा ८ को उपदफा (४) बमोजिम अवधि थपका लागि निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता प्रमाण-पत्र मा उल्लेख भएको अवधिमा एक पटकमा वढीमा एक वर्षको लागि वढीमा तीन पटकसम्म उद्योग सञ्चालन वा व्यवसायीक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम उद्योग सञ्चालन वा व्यवसायीक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसक्ने निर्णय भएमा त्यस्तो निर्णय भएको सात कार्य दिनभित्र सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

(६) उपनियम (५) बमोजिम मन्त्रालय बाहेकका निकायबाट भएको निर्णय चित्त नवुझेमा निवेदकले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

पनुरावेदन गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम परेको पुनरावेदनका सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय गरी सम्बन्धित निवेदकलाई जानकारी गराउनुपर्ने छ।

(८) यस नियम बमोजिम मन्त्रालयले गरेको निर्णय उपर चित्त नवुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकार समक्ष पुनरावेदन गर्न सक्नेछ।

९. <u>उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनुपर्ने:</u> (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम उद्योग स्थानान्तरण स्वीकृतिको लागि निवेदन दिंदा देहायका कागजात र विवरण सहित उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) अघिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्र ,

(ग) उद्योग स्थानान्तरण भएर जाने सम्बन्धित स्थानीय तहको सिफारिस,

(घ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्राप्त गरेको भए त्यस्तो छुट सुविधा वा सहुलियत प्रदान गर्ने निकायको सहमती,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(च) अनुसूची-२ बमोजिमको परियोजनाको विवरण,

(छ) एक प्रदेशबाट अर्को प्रदेशमा उद्योग स्थानान्तरण गर्नुपरेमा स्थानान्तरण भएर जाने प्रदेशको स्वीकृति पत्र ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले अवधि तोकी उद्योग स्थानान्तरण गर्दा सम्बन्धित उद्योगले पालना गर्नुपर्ने अन्य कुनै शर्त भए सो समेत उल्लेख गरी अनुसूची-११ बमोजिमको ढाँचामा उद्योग स्थानान्तरणको स्वीकृति दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरण गर्ने स्वीकृति दिन मनासिब नदेखिएमा उद्योग दर्ता गर्ने निकायले निवेदन परेको मितिले सात दिनभित्र सो को कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति पाएको उद्योगको कार्यक्षेत्र उद्योग दर्ता गर्ने निकाय साविकको भन्दा फरक परेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायमा स्वीकृत स्थानान्तरण पत्र, आवश्यक कागजात र विवरण सहित उद्योग दर्ताका लागि अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको प्राप्त निवेदन जाँचवुझ

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

गरी सम्बन्धित उद्योग दर्ता गर्ने निकायले नियम ५ बमोजिम प्रमाण-पत्र दिनु पर्नेछ।

(६) अन्य प्रदेशबाट यस प्रदेशमा स्थानान्तरण भई आउने उद्योगको हकमा उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भई आउने स्वीकृति दिनुपर्नेछ र त्यस्ता उद्योगले स्थानान्तरणपत्र सहित नियम ४ बमोजिम दर्ता प्रकृयाका लागि निवेदन दिनु पर्नेछ।

१०. <u>उद्योगको पूँजी, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्नेः</u> (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि, क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्नको लागि ऐनको दफा १२ को उपदफा (१) बमोजिम स्वीकृति लिन चाहेमा देहायका कागजात र विवरण सहित उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-१३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) अघिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्र ,

(ग) अनुसूची - १४ बमोजिमको उद्योगको अद्यावधिक विवरण,

(घ) उद्योगको प्रबन्धपत्र, नियमावलीमा संशोधन गरेको भए सोको प्रतिलिपि र कम्पनी दर्ता प्रमाण-पत्र को प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदारबीचको सम्झौताको प्रतिलिपि,

(च) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

उद्योगको हकमा सोको स्वीकृत प्रतिवेदनको प्रतिलिपि,

(छ) उद्योगको प्रकृति अनुसार सम्बन्धित निकायको सिफारिस आवश्यक पर्ने भए त्यस्तो निकायको सिफारिस पत्र।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गर्न मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार उद्योगको स्थलगत निरीक्षण गरी वा गराई प्रतिवेदन लिई नब्बे दिनभित्र स्वीकृति दिई उद्योग दर्ता किताब तथा उद्योग दर्ता प्रमाण-पत्र मा सोको व्यहोरा जनाउनु पर्नेछ।

(३) उद्योगको पूँजी बृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने प्रकृतिको उद्योगमा रुपान्तरण हुने भएमा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन बुझाउन पर्नेछ।

(४) उपनियम (२) बमोजिम उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गिकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योग र उद्योग दर्ता गर्ने निकायले सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

११. <u>विवरण उपलब्ध गराउनुपर्नेः</u> (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि र प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले छ महिना भित्र देहायका कागजात वा विवरण सहित उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन पेश गर्नु

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

पर्नेछः-

(क) लेखा परीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक बर्षको करचुक्ता प्रमाण-पत्र ,

(ग) स्वीकृत र जडित क्षमता,

(घ) अनुसूची-१४ बमोजिमको ढाँचामा तयार गरेको अद्यावधिक विवरण ।

(२) उपनियम (१) बमोजिमको कागजात र विवरण उद्योग दर्ता गर्ने निकायमा ऐन बमोजिम संचालित विद्युतीय प्रणालीबाट पेश गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम कागजात वा विवरण प्राप्त भएपछि उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता किताबमा अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनुपर्नेछ।

१२. <u>उद्योग बन्द गरेको जानकारी दिनुपर्नेः</u> (१) कुनै उद्योगीले ऐनको दफा १४ बमोजिम उद्योग बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा सोको जानकारी तीस दिनभित्र अनुसूची-१५ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायमा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी उद्योग दर्ता गर्ने निकायमा पराप्त भएमा सोको अभिलेख उद्योग दर्ता किताबमा राखी सम्बन्धित उद्योगीलाई जानकारी गराउनु पर्नेछ।

१३. <u>दर्ता खारेज गर्नेः</u> (१) ऐनको दफा १५ को (१) बमोजिम उद्योग दर्ता खारेजीका लागि देहायको विवरण वा कागजात सहित अनुसूची-१६ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

निवेदन दिनु पर्नेछः-

(क) लिक्विडेटर नियुक्त गरेको भए त्यस्तो लिक्विडेटरले पेश गरेको उद्योग खारेजी सम्बन्धी प्रतिवेदन,

(ख) लिक्विडेटर नियुक्त नगरेको भए मान्यता प्राप्त मूल्याङ्कनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथाको मूल्याङ्कन प्रतिवेदन,

तर एक करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योगको हकमा उद्योगले पेश गरेको जायजेथा मूल्याँकन प्रतिवेदन मान्य हुनेछ ।

(ग) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको प्रमाणित हुने विवरण वा कागजात,

(घ) उद्योगको सरकारी दायित्व तथा अन्य दायित्व फरफारक हुने विवरण वा कागजात,

(ङ) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्र ,

(च) उद्योग दर्ता प्रमाण-पत्र को सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको विरुद्ध कुनै अदालत वा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्यमीले गरेको स्वःघोषणा ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले सो उद्योगसँग कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए पैंतीस दिनभित्र सोको प्रमाण सहितको लिखित दावी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्न सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचना अनुसार निर्धारित अवधिभित्र कसैको दाबी परी जाँचबुझ गर्दा कुनै दायित्व रहेको भए त्यस्तो दायित्व फरफारक गर्न उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको आदेशानुसार सम्बन्धित उद्योगले दायित्व फरफारक गरेको देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र सो उद्योगको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश बमोजिम फरफारकको कार्य सम्पन्न नभएसम्म वा त्यस्तो उद्योगले तिर्नु, बुझाउनुपर्ने दायित्वको सम्बन्धमा कुनै अदालतमा मुद्दा परी विचाराधिन रहेको अवस्थामा मुद्दाको अन्तिम टुंगो नलागेसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन।

१४. <u>अभिलेख माग गर्न सक्नेः</u> (१) ऐनको दफा १६ को उपदफा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) बमोजिमको कागजात वा अभिलेख माग गर्दा उद्योग दर्ता गर्ने निकायमा अनसूची-१७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा निवेदकको माग बमोजिम त्यस्तो कागजात वा अभिलेख उपलब्ध गराउन उपयुक्त देखिएमा उद्योग दर्ता गर्ने निकायले प्रचलित कानून बमोजिम लाग्ने प्रतिलिपि दस्तुर लिई त्यस्तो कागजात वा अभिलेख प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

१५. <u>सहकारी संस्थाले उद्योग दर्ता गर्न सक्नेः</u> (१) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका देहायका सहकारी संस्थाले ऐनको दफा १८ को उपदफा ५ बमोजिम उद्योग दर्ता गर्न चाहेमा ऐन तथा यस नियमावली र त्यस्तो संस्थाको विनियमको अधिनमा रही उद्योग दर्ता गर्न सक्नेछ :-

(क) उत्पादक सहकारी संस्था वा संङ्घ,

(ख) उपभोक्ता सहकारी संस्था वा संङ्घ,

(ग) श्रमिक सहकारी संस्था वा संङ्घ,

(घ) बहुउद्देश्यीय सहकारी संस्था वा संङ्घ

(२) उपनियम (१) बमोजिमको सहकारी संस्थाले उद्योग दर्ता गर्न चाहेमा देहायको कागजात वा विवरण संलग्न गरी एक सय रुपैया निवेदन दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनु पर्नेछः-

(क) सहकारी संस्थाको विनिमयको प्रतिलिपि,

(ख) उद्योग सञ्चालन गर्ने सम्बन्धमा साधारण सभाबाट भएको निर्णयको प्रतिलिपि,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको अख्तियारी पत्र,

(घ) उद्योग स्थापना गर्ने क्षेत्रको सम्बन्धित स्थानीय तहको सिफारिस,

(ङ) उद्योग सञ्चालनको लागि जग्गा वा घर भाडामा लिएको भए जग्गाधनीसँग सहकारीले गरेको जग्गा वा घरभाडाको सम्झौताको प्रतिलिपी वा सहकारीको आफ्नै स्वामित्वमा घर जग्गा रहेको भए सो प्रमाण पुर्जाको प्रतिलिपि,

(च) सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(छ) सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्र को प्रतिलिपि,

(ज) सहकारी संस्थाको सेयर सदस्यहरुको सेयर लगत सहितको विवरण,

(झ) वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योगको हकमा वातावारणमा पर्न सक्ने प्रतिकुल प्रभाव न्युनीकरण गर्न अबलम्बन गर्ने उपायहरुको स्वघोषणा पत्र,

(ञ) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) उपनियम (२) बमोजिम उद्योग दर्ताको लागि निवेदन दिँदा निवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा परियोजना विवरण तयार गरी निवेदन साथ पेश गर्नु पर्नेछ।

१६. <u>दर्ता नियमन प्रकृया निर्धारण गर्नुपर्ने:</u> ऐनको दफा १७ बमोजिमको कार्य गर्नका लागि मन्त्रालयले समय समयमा आवश्यक निर्णय गरी कार्यान्वयन गराउनु पर्नेछ।

१७. <u>घरेलु उद्योगको स्थिर पूँजी:</u> घरजग्गा बाहेक बढीमा पचास लाख रुपैयासम्म स्थिर पूँजी भएको ऐनको अनुसुची- १ मा उल्लेख भएका उद्योगलाई घरेलु उद्योग मानिने छ।

## परिच्छेद-३

## <u>उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था</u>

१८. <u>छुट, सुविधा वा सहुलियत:</u> (१) उद्योगलाई उपलब्ध गराइने कुनै पनि छुट, सुविधा वा सहुलियत प्रदेश सरकारको वार्षिक बजेट, नीति तथा कार्यक्रम वा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

(२) प्रचलित संघीय कानून बमोजिम दिइने छुट, सुविधा वा सहुलियत प्रदान गर्न आवश्यक भएमा प्रदेश सरकारले संघीय सरकार समक्ष सिफारिस गरी सोही बमोजिम उद्योगलाई छुट, सुविधा वा सहुलियत प्रदान गरिनेछ।

१९. <u>जग्गा सम्बन्धी व्यवस्था:</u> प्रदेश प्राथमिकता प्राप्त कुनै उद्योग सञ्चालन गर्न उद्यमीले उद्योगको लागि आवश्यक पर्ने जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाइ जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन उद्योग दर्ता गर्ने निकाय समक्ष अनुरोध गरेमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद वा उपलब्ध गराइदिन आवश्यक समन्वय र सहजिकरण गरिदिनुपर्नेछ।

२०. **लिजमा जग्गा उपलब्ध गराउने:** (१) प्रदेश प्राथमिकता प्राप्त कुनै उद्योग सञ्चालन गर्न प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्तो उद्योगले देहायका विवरण र कागजात सहित उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-१८ बमोजिमको ढाँचामा निवदेन दिन सक्नेछः-

(क) उद्योग दर्ताको प्रमाण-पत्र को प्रतिलिपि,

(ख) अनुसूची-२ बमोजिमको उद्योगको परियोजनाको विवरण,

(ग) अन्य कुनै निकायबाट अनुमति आवश्यक पर्ने भए सो अनुमति पत्र,

(घ) सम्बन्धित स्थानीय तहको सिफारिस।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार त्यस्तो जग्गाको स्थलगत निरीक्षण समेत गरी राय सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा ऐनको दफा ३४ बमोजिम लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णयका लागि प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनिमय (३) बमोजिम जग्गा लिजमा उपलब्ध गराउने निर्णयका लागि पेश हुन आएमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम जग्गा लिजमा उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२१. <u>जग्गाको अधिकतम हदबन्दीमा छुटः</u> (१) कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम राख्न पाउने जग्गाको अधिकतम हद भन्दा बढी आवश्यक भएमा सो बढी भएसम्मको जग्गा राख्ने छुट पाउनको लागि उद्योगले उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचवुझ गरी राय सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा प्रदेश सरकारले आवश्यक निर्णय गरी संघीय सरकार समक्ष सिफारिस गर्नेछ।

२२. <u>प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गर्ने प्रक्रियाः</u> (१) ऐनको दफा ३६ बमोजिम प्रदान गरिने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्राप्त गर्नको लागि उद्योगले देहायको कागजात र विवरण संलग्न गरी उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनु पर्नेछः-

(क) उद्योग दर्ता प्रमाण-पत्र को प्रतिलिपि,

(ख) अघिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन,

(ग) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्र ,

(घ) प्रोत्साहन, छुट, सुविधा वा सहुलियत माग सम्बन्धी विवरण,

(ङ) अनुसूची-१४ बमोजिमको अद्यावधिक



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

विवरण,

(च) प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको प्रकृति अनुसार उद्योग दर्ता गर्ने निकायले माग गरेका आवश्यक कागजात तथा विवरण।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचवुझ गर्दा ऐन बमोजिम दिइने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गर्न मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले मन्त्रालय मार्फत प्रदान गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रदान गरिएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको अभिलेख उद्योग दर्ता गर्ने निकायले राख्नु पर्नेछ।

२३. <u>औद्योगिक सुरक्षा प्रदान गर्नेः</u> (१) प्रदेश सरकारले औद्योगिक प्रतिष्ठानहरुमा शान्ति, सुरक्षा कायम गर्न प्रत्येक औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक करिडोर तथा औद्योगिक क्लस्टरमा आवश्यकताको आधारमा प्रचलित कानून अनुसार सुरक्षाकर्मी खटाउन सक्नेछ।

(२) कुनै उद्योगले सुरक्षाका कारण उद्योग सञ्चालन गर्न कठिनाई परेको भनी सुरक्षा माग गरेमा प्रदेश सरकारले त्यस्तो उद्योग वा त्यस्तो उद्योग रहेको क्षेत्रमा आवश्यकताको आधारमा प्रचलित कानून अनुसार सुरक्षाकर्मी खटाउन सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले सम्बन्धित उद्योग, मेला, महोत्सव वा अन्य औद्योगिक समारोहको आयोजकको अनुरोधमा देहायको



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रयोजनको लागि कानून वमोजिम छुट्टै सुरक्षा व्यवस्था मिलाउन सक्नेछः-

(क) औद्योगिक मेला, प्रदर्शनी तथा अन्य औद्योगिक समारोह आयोजना गर्न,

(ख) उद्योगमा भएको बन्द, हड्तालको समयमा हुन सक्ने आगजनी, तोडफोड तथा लुटपाट नियन्त्रण गर्न,

(ग) उद्योग, प्रतिष्ठान रहेको इलाकामा हुन सक्ने सम्भावित सुरक्षा चुनौतीको सामना गर्न ।

(४) दुई अर्ब रूपैयाँ भन्दा बढी लगानी भएका वा एक सय जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उद्योगले सुरक्षा जनशक्तिको लागत खर्च आफैले व्यहोर्ने गरी आफ्नो उद्योगको सुरक्षाको लागि सरकारी सुरक्षाकर्मी उपलब्ध गराउन सम्बन्धित जिल्ला सुरक्षा समिति मार्फत प्रदेश सरकारसँग अनुरोध गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम सरकारी सुरक्षाकर्मीको व्यवस्थाको लागि अनुरोध भई आएमा प्रदेश सरकारले प्रचलित कानून वमोजिम आवश्यक शर्त तथा मापदण्ड तोकी त्यस्तो उद्योग, मेला, महोत्सव वा अन्य औद्योगिक समारोहको आयोजकलाई आवश्यक सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद-४

## एकल बिन्दु सेवा केन्द्र

२४. **एकल बिन्दु सेवा केन्द्रः** (१) ऐनको दफा ३९ को उपदफा (१) मा उल्लेखित कार्यहरु समयमै उपलब्ध गराउन तथा सेवा प्रवाह गर्ने प्रयोजनका लागि प्रदेश सरकारले तोकेको स्थानमा एकल बिन्दु सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) प्रदेश सरकारले तोकेको प्रदेश निजामति सेवाको अधिकृतले एकल विन्दु सेवा केन्द्रको प्रमुखको रुपमा कार्य गर्नेछ।

(३) एकल बिन्दु सेवा केन्द्रमा देहायका प्रादेशिक निकायको प्रतिनिधित्व रहनेछः-

(क) अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय,

(ख) उद्योग, वाणिज्य तथा आपुर्ति सम्बन्धी विषय हेर्ने मन्त्रालय,

(ग) उर्जा, जलस्रोत तथा सिंचाई सम्बन्धी विषय हेर्ने मन्त्रालय,

(घ) आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय,

(ङ) भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण सम्बन्धी विषय हेर्ने मन्त्रालय,

(च) भौतिक पूर्वाधार तथा यातायात सम्बन्धी विषय हेर्ने मन्त्रालय,

(छ) वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय,

(ज) श्रम, रोजगार तथा स्थानीय विकास सम्बन्धी विषय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

हेर्ने मन्त्रालय,

(ज) नेपाल राष्ट्र बैंक,

(झ) नेपाल विद्युत प्राधिकरण,

(ञ) नेपाल दुरसञ्चार प्राधिकरण,

(ट) प्रदेश सरकारले आवश्यक ठानेका अन्य निकाय।

(४) एकल विन्दु सेवा केन्द्रको सञ्चालन र व्यवस्थापन गर्न सो केन्द्रमा आवश्यकता अनुसार देहायका एकाईहरु रहनेछन्ः-

(क) उद्योग दर्ता तथा अनुमति एकाइ,

(ख) वातावरण तथा प्रविधि एकाइ,

(ग) प्रशासन तथा सुविधा एकाइ,

(घ) कानून एकाइ,

(ङ) कर तथा भन्सार सहजिकरण र ड्युटी ड्र्ब्याक एकाइ,

(च) जग्गा सहजीकरण एकाइ,

(छ) पूर्वाधार एकाइ,

(ज) श्रम तथा व्यवसायजन्य सुरक्षा एकाइ

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(५) प्रचलित कानूनमा उल्लेख भएकोमा वाहेक एकल विन्दु सेवा केन्द्रमा खटिने कर्मचारीले जुन निकायको प्रतिनिधित्व गर्ने हो सो निकायबाट हुनुपर्ने निर्णय त्यसरी खटिने कर्मचारीबाटै हुन सक्ने गरी त्यस्तो कर्मचारी खटाउने निकायले खटिने कर्मचारीलाई अख्तियारी प्रदान गर्नु पर्नेछ।

(६) कुनै निर्णय एकल विन्दु सेवा केन्द्रमा खटिने कर्मचारीबाट नभई प्रचलित कानून बमोजिम अन्य निकायबाट मात्र हुनुपर्ने देखिएमा एकल विन्दु सेवा केन्द्रले सो निर्णयको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम एकल विन्दु सेवा केन्द्रबाट निर्णयको लागि अनुरोध भएमा सम्बन्धित निकायले उच्च प्राथमिकता दिइ छिटो निर्णय गर्नु पर्नेछ।

२५. एकल विन्दु सेवा केन्द्रमा रहने जनशक्तिः (१) एकल विन्दु सेवा केन्द्रको सङ्गठन संरचना, दरवन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम स्वीकृत संगठन संरचना बमोजिमको दरवन्दीमा कामकाज गर्न सम्बन्धित निकायले आवश्यक संख्यामा प्रदेश निजामति सेवाका कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटिएका कर्मचारीले एकल विन्दु सेवा केन्द्रको कर्मचारीको रुपमा कामकाज गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम खटिएका कर्मचारीको अतिरिक्त एकल विन्दु सेवा केन्द्रबाट प्रवाह गरिने सेवा प्रक्रियालाई सहज बनाउन मन्त्रालयले आवश्यकता अनुसार एकल विन्दु सेवा केन्द्रमा कामकाज गर्नको लागि खटाउन



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सक्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम खटिएका कर्मचारीहरु एकल विन्दु सेवा केन्द्र प्रमुखको अधिनमा रही कामकाज गर्नु पर्नेछ र एकल विन्दु सेवा केन्द्र प्रमुखले त्यस्ता कर्मचारीको प्रशासन, व्यवस्थापन, सुपरीवेक्षण र समग्र कामको मुल्याङ्कन गर्नु पर्नेछ।

(५) एकल विन्दु सेवा केन्द्रको प्रशासनिक, आर्थिक तथा जिन्सी व्यवस्थापन लगायतका नियमित प्रशासनसँग सम्बन्धित कार्य मन्त्रालयले गर्नेछ।

२६. **निर्णय उपर चित्त नवुझे निवेदन दिन सकिनेः** (१) एकल विन्दु सेवा केन्द्रमा खटिएका कर्मचारीबाट भएको कामकारवाहीको सम्बन्धमा चित्त नवुझेमा सम्बन्धित व्यक्तिले सो केन्द्रको प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा एकल विन्दु सेवा केन्द्रको प्रमुखले आवश्यक जाँचवुझ गरी कानून बमोजिम कारवाही गर्न सक्नेछ।

(३) एकल विन्दु सेवा केन्द्रको प्रमुखबाट भएको कामकारवाही वा निर्णयको सम्बन्धमा चित्त नवुझ्ने व्यक्तिले त्यस्तो कामकारवाही वा निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिन भित्र मन्त्रालयमा निवेदन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा आवश्यक निर्देशन सहित निर्णय पुनरावलोकनका लागि पठाउन सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२७. **निर्देशन पालना गर्नुपर्ने:** (१) मन्त्रालयले ऐन तथा यस नियमावली बमोजिम एकल बिन्दु सेवा सञ्चालनका सम्बन्धमा सो केन्द्रका प्रमुखलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु एकल बिन्दु सेवा केन्द्रको कर्तव्य हुनेछ।

(३) एकल बिन्दु सेवा केन्द्रले बर्ष भरी गरेका काम कारबाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको तीस दिन भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## रुग्ण उद्योग

२८. **रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्ने:** ऐनको दफा ४१ को उपदफा (१) मा उल्लेखित अवस्थाका कुनै उद्योगलाई प्रदेश सरकारले देहायको मापदण्डको आधारमा रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्नेछ :

(क) तीन वर्ष देखी लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) तीस प्रतिशत भन्दा वढीले कमी भएको,

(ख) ऋण सम्झौता बमोजिम ऋणको साँवा व्याज तिर्न नसकेको,

(ग) पूँजीको अनुपातमा ऋणको मात्रा बढी भएको,

(घ) नेपाल धितोपत्र बोर्ड सूचीकृत भएका उद्योगहरुको हकमा अङ्कित मूल्य भन्दा बजार मूल्य कम भएको,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) प्राकृतिक प्रकोप वा अन्य काबुबाहिरको अवस्थाले उद्योग सञ्चालन हुन नसकेको,

(च) अन्य कुनै कारणले ऐनको दफा ४१ को उपदफा (१) को अवस्था भएको।

२९. <u>रुग्ण उद्योग घोषणा गर्ने प्रक्रियाः</u> (१) कुनै उद्योगीले आफूले संञ्चालन गरेको उद्योगलाई ऐनको दफा ४१ को उपदफा (१) र यस नियमावलीको निमय २८ बमोजिमको मापदण्डको आधारमा रुग्ण उद्योगको रुपमा घोषणा गराउन चाहेमा अनुसूची-१९ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ उद्योगले सो उद्योगको सञ्चालनको लागि थप पूँजी (इक्विटी) लगानी र व्यावसायिक योजना पेश गरेको हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन र संलग्न विवरण वा कागजात उपर मन्त्रालयले सुझाव समितिमार्फत आवश्यक जाँचवुझ तथा स्थलगत निरीक्षण गर्न, गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम जाँचवुझ र स्थलगत निरीक्षण गर्दा ऐनको दफा ४१ तथा यस नियमावली बमोजिम त्यस्ता उद्योगलाई रुग्ण उद्योगको रुपमा घोषणा गर्न मनासिव देखिएमा समितिले मन्त्रालय समक्ष सिफारिस सहित प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त सिफारिसको आधारमा कुनै उद्योगलाई रुग्ण उद्योगको रुपमा घोषणा गर्न मनासिब देखिएमा मन्त्रालयले सम्बन्धित क्षेत्रगत मन्त्रालय र आर्थिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

विषय हेर्ने मन्त्रालय समेतको सहमती लिई त्यस्तो उद्योगलाई रुग्ण उद्योगको रुपमा घोषणा गर्न प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त प्रस्ताव मनासिब देखिएमा प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी प्रदेश सरकारले त्यस्तो उद्योगलाई रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्नेछ।

३०. <u>रुग्ण उद्योगले पाउने छुट, सुविधा वा सहुलियतः</u> (१) प्रदेश सरकारले रुग्ण उद्योगको पुनरुत्थान, पुनर्निमाण तथा व्यवस्थापनका लागि ऐनको दफा ४१ को उपदफा (२) मा उल्लेखित छुट, सुविधा वा सहुलियतका अतिरिक्त देहाय बमोजिमको छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन वा सोको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(क) साविकको कर्जालाई सहुलियत कर्जा (सफ्ट लोन) मा रुपान्तरण गर्न सम्बन्धित बैंक तथा वित्तिय संस्थालाई सिफारिस गर्ने,

(ख) साविकको कर्जाको व्याज तथा हर्जना छुट दिन सम्बन्धित बैंक तथा वित्तिय संस्थालाई सिफारिस गर्ने,

(ग) उद्योग सञ्चालनका लागि बैंक तथा वित्तिय संस्थाबाट सहुलियत व्याजदरमा थप कर्जा उपलब्ध गराउन सम्बन्धित बैंक तथा वित्तिय संस्थालाई सिफारिस



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

गर्ने,

(घ) ऋण तिर्न नसकी कालोसुचीमा परेका उद्योगलाई ऋण तिर्ने अवधि थप गरिदिन सम्बन्धित वैक तथा वित्तिय संस्थालाई सिफारिस गर्ने,

(ङ) प्रदेश सरकारबाट प्रदान गरिने कुनै पनि प्रकारका अनुदान, व्याज अनुदान वा त्यस्तै प्रकारका सहुलियतमा प्राथमिकता दिनुपर्नेछ।

३१. <u>रुग्ण उद्योगको वर्गीकरणः</u> (१) ऐनको दफा ४२ बमोजिम रुग्ण उद्योगको वर्गिकरण देहायको मापदण्डको आधारमा गरिनेछः-

(क) पूर्ण रुग्ण उद्योगः-

(१) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक पछिल्ला तीन बर्ष देखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) सत्तरी प्रतिशत भन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन बर्षसम्म लगातार जडित क्षमताको बीस प्रतिशत भन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले पछिल्ला तीन बर्षसम्म उद्योग पूर्ण रुपमा बन्द रहेको,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) ऐन तथा यस नियमावली बमोजिम प्रदेश सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा पाँच बर्ष भित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको।

(ख) रुग्ण उद्योगः-

(१) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक पछिल्ला तीन बर्ष देखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) पचास प्रतिशत भन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन बर्षसम्म लगातार जडित क्षमताको पच्चीस प्रतिशत भन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले पछिल्ला दुई बर्षसम्म उद्योग पूर्ण रुपमा बन्द रहेको,

(४) ऐन तथा यस नियमावली बमोजिम प्रदेश सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा तीन बर्ष भित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको ।

(ग) रुग्ण उन्मुख उद्योगः-

(१) नियतवश वा व्यवस्थापकीय कमजोरी



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

को कारण बाहेक पछिल्ला तीन बर्ष देखि घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) तीस प्रतिशत भन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन बर्षसम्म लगातार जडित क्षमताको तीस प्रतिशत भन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले पछिल्लो एक बर्ष देखि उद्योग पूर्ण रुपमा बन्द रहेको,

(४) ऐन तथा यस नियमावली बमोजिम प्रदेश सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिंदा बढीमा दुई बर्ष भित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको।

(४) उपनियम (१) बमोजिम रुग्ण उद्योगको वर्गिकरण गर्दा उद्योगको व्यावसायिक योजना वा कार्ययोजना, उद्योगले विगतमा गरेको उत्पादन तथा उद्योगको लेखापरीक्षण प्रतिवेदन, प्राविधिक वा विज्ञ समेतको स्थलगत निरीक्षण समेतलाई आधार लिनु पर्नेछ।

३२. <u>रुग्ण उद्योग सुझाव समितिको गठनः</u> (१) ऐनको दफा ४३ को उपदफा (१) बमोजिम देहायको एक समिति गठन गरिनेछः-

| | | |
|---|---|---|
| (क) | प्रशासन वा व्यवस्थापन वा लेखा वा लेखापरीक्षण वा उद्योग वा व्यापार वा | एक जना संयोजक र एक जना महिला |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | वैकिङ्क वा निर्माण व्यवस्थापनमा कम्तिमा दश वर्षको कार्यानुभव भएका व्यक्ति मध्येबाट मन्त्रालयले तोकेको | सहित दुई जना सदस्य |
| (ग) | महाशाखा प्रमुख, मन्त्रालयको उद्योग हेर्ने | सदस्य |
| (घ) | शाखा प्रमुख, मन्त्रालयको उद्योग हेर्ने शाखा | सदस्य- सचिव |

(२) समितिले कार्य सम्पादन गर्दा आवश्यकता अनुसार प्रदेश सरकारको कुनै निकायको प्रतिनिधि वा सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ।

(३) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको लागि आवश्यक पर्ने सेवा, सुविधा प्रचलित कानून बमोजिम मन्त्रालयले उपलब्ध गराउनेछ।

(६) समितिको सचिवालयको काम मन्त्रालयको उद्योगसँग सम्बन्धित शाखाले गर्नेछ।

३३. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> यस नियमावलीमा अन्यत्र उल्लेखित काम कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) रुग्ण उद्योगको पहिचान गर्न त्यस्तो उद्योगको भौतिक एवं वित्तीय अवस्थाको बारेमा विश्लेषण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

गर्ने,

(ख) उद्योगको वास्तविक स्थितिको पहिचान गर्न उद्योगको स्थलगत अध्ययन गर्ने, गराउने,

(ग) रुग्ण उद्योगको पहिचान, वर्गिकरण, पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि प्रदेश सरकारले अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(घ) नियम ३१ मा उल्लेखित मापदण्डको आधारमा ऐनको दफा ४२ बमोजिम रुग्ण उद्योगको वर्गिकरणका लागि सिफारिस गर्ने,

(ङ) उद्योगसँग सम्बन्धित सूचना, वित्तिय विवरण लगायतका अन्य आवश्यक विवरण सम्बन्धित निकायबाट माग गरी बिश्लेषण गर्ने,

(च) उद्योगसँग सरोकार राख्ने व्यक्ति तथा निकायसँग छलफल, अन्तर्कृया गरी राय सुझाव लिने ।

## परिच्छेद-६

## प्रदेश औद्योगिक व्यवसाय मञ्च

३४. **प्रदेश औद्योगिक व्यवसाय मञ्चको गठनः** (१) ऐनको दफा ४९ को उपदफा (२) बमोजिम गठन हुने प्रदेश औद्योगिक व्यवसाय मञ्चमा देहायको अध्यक्ष र सदस्य रहनेछन्ः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय, कोशी प्रदेश | अध्यक्ष |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| (ख) | सदस्य (उद्योग सम्बन्धी विषय हेर्ने), प्रदेश योजना आयोग, कोशी प्रदेश | सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश | सदस्य |
| (घ) | सचिव, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय, कोशी प्रदेश | सदस्य |
| (ङ) | सचिव, (अर्थ, कृषि, श्रम तथा रोजगार, कानून, संस्कृति तथा पर्यटन, वन तथा वातावरण, सहकारी, भुमिव्यवस्था) सम्बन्धी विषय हेर्ने मन्त्रालय, कोशी प्रदेश | सदस्य |
| (च) | सचिव, प्रदेश योजना आयोग, कोशी प्रदेश | सदस्य |
| (छ) | निर्देशक, प्रदेश लागानी प्राधिकरण, कोशी प्रदेश | सदस्य |
| (ज) | प्रमुख, नेपाल राष्ट्र बैक, प्रदेश स्तरीय कार्यालय,कोशी प्रदेश | सदस्य |
| (झ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश | सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल उद्योग परीसंघ, कोशी प्रदेश | सदस्य |
| (ट) | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स, कोशी प्रदेश | सदस्य |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| (ठ) | अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, कोशी प्रदेश | सदस्य |
| (ड) | अध्यक्ष, नेपाल महिला उद्यमी महासंघ, कोशी प्रदेश | सदस्य |
| (ढ) | अध्यक्ष, प्रदेश स्तरीय उद्योगसँग सम्बन्धित संघ संस्था, कोशी प्रदेश | सदस्य |
| (ण) | महाशाखा प्रमुख, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय, कोशी प्रदेश | सदस्य-सचिव |

(२) उद्योग विषय हेर्ने मन्त्रालयमा मन्त्री र राज्यमन्त्री दुवै भएमा राज्यमन्त्री प्रदेश व्यवसाय मञ्चको सदस्य हुनेछ र राज्यमन्त्री मात्र भएमा अध्यक्षको भुमिकामा कार्य गर्नेछ।

(३) प्रदेश व्यवसाय मञ्चको बैठक वर्षमा कम्तीमा एक पटक सो मञ्चको अध्यक्षले तोकेको, मिति, समय र स्थानमा बस्नेछ।

(४) प्रदेश व्यवसाय मञ्चको बैठकमा आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकारको पदाधिकारी वा सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(५) प्रदेश व्यवसाय मञ्चको बैठक सम्बन्धी अन्य कार्यविधि सो मञ्च आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३५. <u>प्रदेश व्यवसाय मञ्चको काम, कर्तव्य तथा अधिकारः</u> ऐनको दफा ४९ को उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रदेश व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) प्रदेशको औद्योगिक, आर्थिक, वाणिज्य, निकासी तथा पैठारी र संस्थागत सुशासनका क्षेत्रमा नीतिगत सुधारका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) प्रदेशको औद्योगिक तथा व्यवसायिक विकास सम्बन्धी समष्टिगत क्षेत्रगत नीति समिक्षा गर्ने तथा सैद्धान्तिक विषयमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बद्ध निकायलाई मार्गदर्शन गर्ने,

(ग) प्रदेशमा आन्तरिक तथा विदेशी लगानी प्रवर्द्धनका लागि सबल र सहयोगी वातावारण निर्माण गर्न सम्बन्धित सरोकारवालाको सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने,

(घ) सार्वजनिक-निजी संवाद र सहकार्य मार्फत संस्थागत तथा व्यवस्थापकीय सुधारका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ङ) श्रम सम्बन्धको क्षेत्रमा नीतिगत सुधारका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने।

## परिच्छेद-७

## करार गरी गरिने उत्पादन

३६. करार गरी उत्पादन गर्न सक्नेः (१) कुनै उद्योगले अर्को कुनै निर्यातमूलक उद्योगको लागि ऐनको दफा ५१ को उपदफा (१) बमोजिम वस्तु वा सेवाको उत्पादन गर्दा देहायको मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) करारमा वस्तु उत्पादन गर्ने उद्योग यस नियमावली



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बमोजिम दर्ता भएको हुनुपर्नेछ,

(ख) करारमा कुनै वस्तु वा सेवा उत्पादन गर्ने उद्योगले सो वस्तु वा सेवा उत्पादन गर्न उद्योग दर्ता गर्ने निकायबाट प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरेको हुनुपर्ने,

(ग) करारमा वस्तु वा सेवा उत्पादन गराउने उद्योगको उत्पादन हुने वस्तु वा सेवाको ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको हुनुपर्ने,

(घ) उत्पादनकर्ता उद्योगले आफ्नो स्वीकृत क्षमताको सीमा भित्र रहेर मात्र वस्तु वा सेवा उत्पादन गरेको हुनुपर्ने।

(ङ) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए प्रचलित मापदण्ड अनुसार मूल्य वृद्धि हुने गरी वस्तु वा सेवा उत्पादन गरेको,

(च) उद्योगले आफ्नो उत्पादनको प्रचलित मापदण्ड बमोजिम उत्पादन निर्यात प्रयोजनको लागि निर्यातमूलक उद्योग वा निर्यात प्रबर्द्धन गृहलाई उपलब्ध गराएको,

(२) उपनियम (१) बमोजिमको मापदण्ड पूरा गरेको निर्यातमूलक उद्योगले निर्यात गरेको वस्तुको परिमाणको आधारमा प्रदेश सरकारको निर्णय बमोजिम देहाय बमोजिमको छुट, सुविधा वा सहुलियत पाउन सक्नेछः-

(क) निर्यातमा नगद प्रोत्साहन,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) सहुलियत दरमा निर्यात कर्जा,

(ग) महसुल फिर्ता सुविधा (ड्युटी ड्रब्याक),

(घ) ऋण लगानीमा प्राथमिकता,

(ङ) प्रदेश सरकारले तोके बमोजिमका अन्य सहुलियत।

## परिच्छेद-८

## कोषको सञ्चालन तथा व्यवस्थापन

३७. **महिला उद्यमी कोषको स्थापना:** (१) ऐनको दफा ३१ को उपदफा (४) बमोजिम प्रदेश सरकारले महिला उद्यमीको विकास प्रवर्द्धनका लागि एक महिला उद्यमी कोष स्थापना गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) प्रचलित कानून बमोजिम विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा वहुपक्षीय अनुदान वा सहयोग रकम,

(३) उपनियम (१) बमोजिमको कोषमा प्राप्त रकम प्रचलित कानून बमोजिम इजाजत प्राप्त "क" वर्गको कुनै एक वाणिज्य वैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) उपनियम (१) बमोजिमको कोषबाट देहायको कार्यमा खर्च गर्न सक्नेछः-

(क) एकल वा अपाङ्ग वा पिछडिएका वर्गका महिला उद्यमीहरुको क्षमता विकास तालिम तथा प्रविधि



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

हस्तान्तरण,

(ख) महिला उद्यमीहरुको क्षमता विकास तथा प्रविधि हस्तान्तरण,

(ग) आवश्यकता र मागको आधारमा महिलाहरुले सञ्चालन गरेका उद्योगको क्षमता अभिवृद्धि गर्न।

३८. <u>औद्योगिक तथा लगानी प्रवर्द्धन कोषको स्थापना:</u> (१) ऐनको दफा ५२ बमोजिम प्रदेश सरकारले एक औद्योगिक तथा लगानी प्रवर्द्धन कोष स्थापना गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा प्राप्त रकम प्रचलित कानून बमोजिम इजाजत प्राप्त "क" वर्गको कुनै एक वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(३) उपनियम (१) बमोजिमको कोषमा रहेको रकम मन्त्रालयले ऐनको दफा ५२ को उपदफा (३) मा उल्लेखित क्षेत्रका कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ।

३९. <u>कोषको सञ्चालन तथा लेखा परीक्षण:</u> (१) नियम ३७ को उपनियम (१) र नियम ३८ को उपनियम (१) बमोजिमको कोषको खाता सञ्चालन मन्त्रालयले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(२) नियम ३७ को उपनियम (१) र नियम ३८ को उपनियम (१) बमोजिमको कोषको रकम ऐन तथा यस नियमावलिमा तोकिए बमोजिमका कार्यमा खर्च गर्दा मन्त्रालयबाट स्वीकृत आन्तरिक कार्यविधि तथा स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही खर्च गर्नु पर्नेछ।

तर आन्तरिक कार्यविधि तर्जुमा गर्दा प्रदेश सरकारको



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अर्थ र कानून विषय हर्ने मन्त्रालयको सहमति लिएर गर्नु पर्नेछ।

(३) नियम ३७ र ३८ बमोजिमको कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिमको स्वीकृत ढाँचामा राख्नुपर्नेछ।

(४) नियम ३७ र ३८ बमोजिमको कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(५) मन्त्रालयले उल्लेखित कोषबाट बर्षभरीमा भए गरेका काम कारवाहीको विवरण समावेश गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

## विविध

४०. **व्यवसायिक सामाजिक जिम्मेवारी:** (१) वार्षिक पन्ध्र करोड रुपैयाँ भन्दा बढी कारोबार हुने उद्योगले ऐनको दफा ५४ को उपदफा (१) बमोजिम छुट्याएको रकम देहायको कार्य वा क्षेत्रमा प्राथमिकताका आधारमा खर्च गर्नु पर्नेछः-

(क) विपद्को रोकथाम, नियन्त्रण तथा उद्धार,

(ख) न्यून आय भएका, पिछडिएका, ग्रामिण महिला, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक, सिमान्तकृत समुदायका लागि सीपमुलक र आयमूलक कार्यक्रम,

(ग) गरिवीका रेखामुनी रहेका, न्यून आय भएका, पिछडिएका, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक, सिमान्तकृत समुदायका वालवालिकाहरुलाई माध्यमिक तहसम्मको



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

शिक्षा तथा स्वास्थ्य उपचारको क्षेत्रमा,

(घ) सामुदायिक विद्यालय तथा विश्वविद्यालय हरूका लागि छात्रवृत्ति, शैक्षिक उपकरणहरू तथा सामग्रीहरू वितरण लगायत शैक्षिक विकास सम्बन्धी कार्य,

(ङ) अनाथ आश्रम निर्माण, वृद्धाश्रम, ग्रामिण खानेपानी आयोजना निर्माण, सडक, ढल, पाटी पौवा, सामुदायिक स्वास्थ्य भवन, खेल मैदान, धार्मिक स्थल, निर्माण तथा मर्मत सम्भार, पार्क निर्माण, ध्यानयोग केन्द्र निर्माण, बसपार्क तथा बस बिसौनी निर्माण, सामुदायिक भवन निर्माण आदि जस्ता सार्वजनिक हितका लागि प्रयोग हुने भौतिक पूर्वाधार निर्माण,

(च) नेपाली कला, संस्कृति, पुरातात्विक धरोहरको संरक्षण तथा सम्बर्द्धन,

(छ) प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, वृक्षारोपण, पानीको मुहान संरक्षण, वैकल्पिक ऊर्जाको प्रबर्द्धन लगायत वातावरण संरक्षण,

(ज) सामुदायिक स्वास्थ्य संस्थालाई औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरण वितरण, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, स्वास्थ्य शिविर सञ्चालन लगायतका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

स्वास्थ्य सम्बन्धी कार्य ।

(झ) धुम्रपान, मद्यपान, सामाजिक विकृति विसङ्गति विरुद्धका अभियान तथा सन्देशमूलक वृत्तचित्र निर्माण तथा प्रसारण,

(२) उपनियम (१) बमोजिमका क्षेत्रमा खर्च गर्नको लागि छुट्याइएको वार्षिक रकमको वार्षिक योजना तथा कार्यक्रम बनाइ सम्बन्धित उद्योगीले उद्योग दर्ता गर्ने निकायमा पेश गर्नुपर्नेछ र त्यस्तो वार्षिक योजना तथा कार्यक्रम उद्योग दर्ता गर्ने निकायले सोही बमोजिम वा संसोधन सहित तत्काल स्वीकृत गरिदिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम उद्योगले सामाजिक व्यावसायिक जिम्मेवारीका लागि छुट्याएको वार्षिक रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गर्नु पर्नेछ।

(४) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्नको लागि छुट्याइएको रकम मध्ये बढीमा दश प्रतिशत रकम सम्बन्धित शीर्षकबाट कट्टा गर्न पाउने गरी उद्योग दर्ता गर्ने निकायले तोकेको नियम बमोजिमको कुनै कोषमा जम्मा गर्न सक्नेछ।

(५) उद्योगले स्वीकृत वार्षिक योजना तथा कार्यक्रम बमोजिमको सामाजिक जिम्मेवारी निर्वाह गर्दा स्थानीय तहको समन्वयमा सञ्चालन गरी सोको कार्य सम्पन्न विवरण उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(६) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारीका लागि



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

४१. **अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः** (१) ऐन तथा यस नियमावली बमोजिम मन्त्रालय वा उद्योग दर्ता गर्ने निकायले अनुसूची- २० बमोजिमको ढाँचामा उद्योगको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उद्योग अनुगमन तथा निरीक्षण गर्दा वा ऐनको दफा १० बमोजिमको प्रतिवेदनका आधारमा कुनै उद्योगले ऐन तथा यस नियमावलीको प्रतिकुल हुने गरी कार्य गरेको पाइएमा मन्त्रालयले त्यस्तो उद्योगलाई ऐन बमोजिम सजाय कार्यान्वयन गर्न गराउनका लागि सम्बन्धित उद्योग दर्ता गर्ने निकायलाई आदेश दिन सक्नेछ।

(३) मन्त्रालयले कुनै उद्योगको अनुगमन तथा मुल्याँकन गरेमा त्यसरी गरिएको अनुगमन तथा मुल्याँकन प्रतिवेदन सम्बन्धित मन्त्री एव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत उपलब्ध गराउनु पर्नेछ।

४२. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** (१) ऐनको दफा ५७ बमोजिम उद्योग दर्ताको प्रकृया देखी खारेजी सम्मका कार्य र नियमन सम्बन्धमा निवेदन लिँदा, तत् सम्बन्धी जानकारी दिँदा वा उद्योग प्रशासनसँग सम्बन्धित अन्य कार्य गर्दा विद्युतीय माध्यमको प्रयोग गरी अभिलेख व्यवस्थापन गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पादन गर्दा तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यममा रुपान्तरण गरी पोर्टलमा आवद्ध गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४३. **सफ्टवेयरको प्रयोग सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ५८ बमोजिमको उद्योग प्रशासन सम्बन्धी प्रक्रियालाई सरल, सहज र विश्वसनीय बनाउन ऐन, यस नियमावली तथा प्रचलित कानून बमोजिम उद्योग दर्ता देखी खारेजीसम्मका सेवासँग सम्बन्धित विषयलाई सफ्टवेयर मार्फत कार्यान्वयन गर्न सकिनेछ।

(२) उपनिमय (१) बमोजिमको सफ्टवेयर मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम सञ्चालनमा ल्याएको सफ्टवेयर उद्योग तथा सम्बन्धित निकायले प्रयोग गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको सफ्टवेयरको प्रयोगकर्ता र सञ्चालन विधि मन्त्रालयले स्वीकृत गरेको निर्देशिका बमोजिम हुनेछ।

४४. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** (१) प्रदेश सरकारले सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-१

(नियम ४ को उपनियम (१) र नियम १५ को उपनिमय (२) सँग सम्बन्धित)

**उद्योग दर्ताको लागि दिने निवेदनको ढाँचा**

मितिः ............

श्री ...................................

.........................................।

बिषयः उद्योग दर्ता सम्बन्धमा ।

कोशी प्रदेश ............... जिल्ला .............. नगरपालिका/गाउँपालिका वडा नं. .... मा ................... उद्देश्य रहेको ................................................ नामको उद्योग स्थापना गर्ने चाहना भएको हुँदा प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ४ तथा प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम ........ को उपनियम ....... बमोजिम आवश्यक पर्ने कागजात र विवरण यसै निवेदन साथ संलग्न राखी उद्योग दर्ताको लागि निवेदन गरेको छु/गरेका छौं। निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ । झुट्टा ठहरेमा कानून बमोजिम सहुँला, बुझाउँला ।

फर्म वा कम्पनीको नामः-

फर्म वा कम्पनीको ठेगनाः-

निवेदकको नाम, थरः

निवेदकको ठेगानाः

नागरिकता प्रमाण-पत्र को नम्बरः ..... जारी मितिः .............. जिल्लाः

निवेदकको ठेगानाः

प्रदेशः ................, जिल्लाः ....., गाउँपालिका/नगरपालिकाः ... वडा नं.

टोल/मार्गः ................... घर नम्बरः ........

सम्पर्क फोन नम्बरः ............... फ्याक्स नम्बरः इमेलः

(निवेदकको व्यहोरामा फर्म वा कम्पनीको प्रतिनिधिको व्यहोरा उल्लेख गर्ने ।)

..............................

निवेदकको हस्ताक्षर

(फर्म वा कम्पनीको छाप)



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

<u>संलग्न कागजातहरु:</u>

(क) अनुसूची-२ बमोजिमको परियोजना विवरण,

(ख) फर्म वा कम्पनी कम्पनी दर्ता प्रमाण-पत्र को प्रतिलिपि,

(ग) कम्पनी भएमा कम्पनीको प्रबन्ध पत्र र निमयावलीको प्रतिलिपि,

(घ) संचालकको नेपाली नागरिकताको प्रमाण-पत्र को प्रतिलिपि,

(ङ) उद्योग स्थापना गर्ने क्षेत्रको स्थानीय तहको सिफारिस,

(च) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,

(छ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको अख्तियारी पत्र,

(ज) जग्गा वा घर भाडामा लिएको भए सम्झौताको प्रतिलिपी,

(झ) जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि,

(ञ) वातावरण सम्बन्धी स्वघोषणा पत्र,

(ट) सम्बन्धित निकायको सहमती आवश्यक पर्ने भएमा सोको सहमतीपत्र (जस्तैः पर्यटन, स्वास्थ्य, औषधी, सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा),



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ठ) लघु र घरेलु उद्योगको हकमा उद्योग सञ्चालनमा आएको मिति खुल्ने कागजातको प्रतिलिपि,

(ड) अन्य आवश्यक कागजात ।

नोटः सहकारी संस्थाले उद्योग दर्ता गर्नु परेमा नियम १५ मा उल्लेखित कागजातहरु समेत पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-२

(नियम ४ को उपनियम (२), नियम ९ को उपनियम (१) को खण्ड (च), नियम १५ को उपनियम (३) र नियम २० को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

## परियोजना विवरण

१. उद्योगको नामः

२. उद्योग रहने स्थलः कोशी प्रदेश, .......... जिल्ला, ........... नगरपालिका/गाउँपालिका, वडा नं. ......, ............. (सडक मार्गको नाम)

पत्राचारको ठेगाना र फोन नं.

सञ्चालकको नाम र फोन नं

सम्पर्क व्यक्तिको नाम र फोन नं

३. औद्योगिक ग्राम/क्षेत्रमा स्थापना हुने भए सोको नामः

४. उद्योगको स्तरः □ लघु/घरेलु □ साना □ मध्यम □ ठूला □ वृहत

५. उद्योगको कानूनी रुपः □ निजी फर्म □ साझेदारी फर्म □ प्रा.लि.कम्पनी □ पब्लिक लिमिटेड कम्पनी □ मुनाफा वितरण नगर्ने कम्पनी

६. उद्योगको वर्गः □ ऊर्जामूलक उद्योग □ उत्पादनमूलक उद्योग
□ कृषि तथा वन पैदावारमा आधारित उद्योग □ खनिज उद्योग
□ पूर्वाधार उद्योग □ पर्यटन उद्योग
□ सूचना प्रविधि, संचार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग

□ सेवामूलक उद्योग

७. उद्योग सञ्चालन हुने दिन प्रति वर्षः ..........दिन शिफ्टः

८. उत्पादन हुने वस्तु वा सेवाको विवरणः

| सि.नं. | वस्तु वा सेवाको विवरण | एकाई | वार्षिक क्षमता | प्रति एकाई बिक्री मूल्य दर (रु.) | कुल बिक्री मूल्य (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. परियोजना लागत तथा लगानीको स्रोतः



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| पूँजीको किसिम | लगानी (रु.) | लगानीको स्रोत | |
|---|---|---|---|
| | | स्वः लगानी (रु.) | ऋण लगानी (रु.) |
| स्थिर पूँजी | | | |
| चालू पूँजी | | | |
| कूल पूँजी | | | |

१०. स्थिर पूँजी

| सि.नं. | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | जग्गा (क्षेत्रफल.......) | | |
| २. | भवन (क्षेत्रफल.........) | | |
| ३. | मेशिनरी उपकरण (मुख्य मेशिनहरुको नाम क्रमशः उल्लेख गर्ने) | | |
| ४. | फर्निचर फिक्स्चर्स, अफिस उपकरण | | |
| ५. | सवारी साधन | | |
| ६. | पूर्व सञ्चालन खर्च | | |
| ७. | अन्य | | |
| **कूल स्थिर पूँजी** | | | |

११. चालू पूँजीको विवरणः

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | कच्चा पदार्थ (........... महिना/दिनको लागि) | |
| २. | अर्ध तयारी वस्तु | |
| ३. | उधारो (............ महिना/दिनको लागि) | |
| ४. | अन्य | |
| **कूल** | | |

१२. मेशिनको विवरणः

| सि.नं. | नाम | आवश्यक संख्या | रकम (रु.) |
|---|---|---|---|
| | | | |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| | | | |

नोटः आवश्यक भएमा मेशिनको प्रयोजन र औचित्यबारे पुष्ट्याईं पेश गर्नु पर्नेछ।

१३. उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरणः

| सि.नं. | कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामग्रीको नाम | एकाई | दर | वार्षिक आवश्यक परिमाण | रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१४. उद्योगलाई आवश्यक पर्ने विदेशी मुद्राः

कच्चा पदार्थको वार्षिक परिमाणका लागिः ....................................

मेशिनको लागिः ..................................................

अन्यः ....................................

जम्माः .....................................

१५. जनशक्ति विवरणः

| विवरण | स्वदेशी | विदेशी | कूल संख्या |
|---|---|---|---|
| कर्मचारी (प्रशासनिक) | | | |
| कर्मचारी (प्राविधिक) | | | |
| कामदार | | | |
| उच्च दक्ष | | | |
| दक्ष | | | |
| अर्धदक्ष | | | |
| अदक्ष | | | |
| जम्मा कामदारहरु | | | |

